# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेड

## चावहिल, काठमाडौं ।

### मिति २०७९ साल फागुन २९ गते सोमबार सम्पन्न भएको एघारौं वार्षिक साधारण सभाको निर्णय (माईन्युट) विवरण

१. **प्रारम्भिक :**

सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०७९/१०/२९ गते बसेको सञ्चालक समितिको २०४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीमा तोकिए बमोजिमको कम्पनीको एघारौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूको अध्यक्षतामा पूर्वसूचित विषयहरुमा छलफल र निर्णय भई देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**

| | | |
|---|---|---|
| मिति | : | २०७९ फागुन २९ गते सोमबार । |
| समय | : | बिहान ११:०० बजे |
| स्थान | : | बोगनभिल्ला इभेन्ट्स, त्रिपुरेश्वर, काठमाडौं । |

३. **सभाको सूचना :**

कम्पनी ऐन, २०६३ को दफा-६७ (२) बमोजिम लघुवित्त वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक मिति २०७९/११/०१ गते आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा र दोस्रो पटक मिति २०७९/११/०५ गतेको कारोबार राष्ट्रिय आर्थिक दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति :**

कम्पनीको एघारौं वार्षिक साधारण सभामा सेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखापरीक्षक तथा व्यवस्थापकीय कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**(क) सञ्चालकहरुको उपस्थिति :**

| | | |
|---|---|---|
| १. श्री सचिन जङ्ग रायमाझी | अध्यक्ष | प्रतिनिधि - संस्थापक समूह |
| २. श्री सचिन नेवा | सञ्चालक | प्रतिनिधि - संस्थापक समूह |
| ३. श्री आँचल ढकाल | सञ्चालक | प्रतिनिधि - संस्थापक समूह |
| ४. श्री कृष्णप्रसाद अधिकारी | सञ्चालक | सर्वसाधारण समूह |
| ५. श्री सुनिता आचार्य | सञ्चालक | सर्वसाधारण समूह |
| ६. श्री रुद्र प्रसाद दाहाल | सञ्चालक | स्वतन्त्र |

**(ख) वित्तीय संस्थाका पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री विनोद आचार्य | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री देवकर कार्की | बरिष्ठ प्रबन्धक/कम्पनी सचिव |
| ३. श्री सुमन कुमार दाहाल | सहायक प्रबन्धक |
| ४. श्री सुवासमणी बस्ताकोटी | सहायक प्रबन्धक |
| ५. श्री पुष्कर घिमिरे | सहायक प्रबन्धक |
| ६. श्री भवानी धिताल | बरिष्ठ अधिकृत |

कम्पनी सचिव

७. श्री बरुण श्रेष्ठ — का.मु. बरिष्ठ अधिकृत
८. श्री ऋकी महर्जन — अधिकृत
९. श्री पुरुषोत्तम श्रेष्ठ — का.मु. अधिकृत
१०. श्री मनोज दानी — का.मु. अधिकृत
११. श्री अंकित रिमाल — अधिकृत
१२. श्री कृतिका अधिकारी — कनिष्ठ सहायक अधिकृत
१३. श्री उत्तम प्रसाद सुवेदी — कनिष्ठ सहायक अधिकृत

**(ग) सेयरधनीहरुको उपस्थिति :**

१. स्वयम् उपस्थिति - ७६
२. प्रतिनिधि मार्फत उपस्थिति - ०
३. जम्मा उपस्थिति - ७६

**(घ) पर्यवेक्षकको रुपमा उपस्थिति :**

१. श्री सचिन नेवा — प्रतिनिधि, हिमालयन बैंक लिमिटेड ।

२. श्री रविन कुमार श्रेष्ठ — बाह्य लेखापरीक्षक, आर. के. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्ट्स ।

३. श्री शोभना घिमिरे — नि. प्रमुख कार्यकारी अधिकृत, सिभिल क्यापिटल मार्केट लिमिटेड ।

४. श्री रामप्रसाद भट्टराई — प्रतिनिधि, हिमालयन क्यापिल लिमिटेड, ठमेल काठमाडौं ।

५. **गणपूरक संख्या** (कम्पनी ऐन, २०६३ को दफा-७३ बमोजिम) :

| सेयर तथा सेयरधनी | जम्मा | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | जम्मा उपस्थिति | कूल प्रतिनिधित्व प्रतिशतमा |
|---|---|---|---|---|---|
| सेयर संख्या | २८,८१,२४४ | १४,८५,६८६ | नभएको | १४,८५,६८६ | ५१.५६ |
| सेयरधनी संख्या | २०,६४१ | ७६ | नभएको | ७६ | ०.३७ |

कम्पनी सचिव

६. **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात, मिति २०७८/०४/०१ गते देखि २०७९ आषाढ मसान्तसम्मको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।

३. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २८,८१,२४,४४१/६० को ०.५८ प्रतिशतको दरले रु. १६,६८,०८८/८७ (अक्षरेपि सोह्र लाख अठसट्ठी हजार अठासी रुपैयाँ र सतासी पैसा मात्र) बराबर नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा-१११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा-६३ अनुसार वित्तीय संस्थाको आर्थिक वर्ष २०७९/८० को कारोबारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (वर्तमान लेखापरीक्षक श्री आर. के. एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस् कम्पनीबाट लगातार तीन आर्थिक वर्षको लेखापरीक्षण भइसकेकोले निज पुनः नियुक्तिको लागि ग्राह्य नरहनु भएको)

५. स्वतन्त्र सञ्चालक नियुक्त गरिएको जानकारी गर्ने ।

**(ख) विशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ सम्मको सञ्चित मुनाफाबाट सेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. २८,८१,२४,४४१/६० को ११ प्रतिशतका दरले हुन आउने रकम रु. ३,१६,९३,६८८/५८ (अक्षरेपि तीन करोड सोह्र लाख त्रियानब्बे हजार छ सय अठासी रुपैयाँ र अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस सेयर जारी गर्न स्वीकृत गर्ने ।

२. हाल कायम रहेको पूँजी संरचनामा संस्थापक सेयरधनीको तर्फ ६० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फ ४० प्रतिशत स्वामित्व रहेकोमा सो सेयर स्वामित्वमा परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फ कम्तीमा ५१ प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फ ४९ प्रतिशत कायम गर्ने र सञ्चालक समितिमा सेयर स्वामित्व अनुरूप प्रतिनिधित्व हुने गरी व्यवस्था गर्ने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका केही दफा तथा नियमहरुमा थप र संशोधन सम्बन्धी विशेष प्रस्ताव उपर छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा समायोजनका लागि निर्देशन वा सुझाव आएमा सोही अनुरुप गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

४. कम्पनी ऐन, २०६३ को दफा १०५ मा भएको व्यवस्था बमोजिम संस्थाले आफ्नो नियमित व्यावसायिक कारोबारको सिलसिलामा आफ्नो चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुने गरी कुनै पब्लिक कम्पनी वा बैंक वा वित्तीय संस्थाबाट ऋण लिन सक्ने अख्तियारी सञ्चालक समितिलाई दिने ।

**(ग) विविध ।**

कम्पनी सचिव

CL3SL

**७. आसन ग्रहण तथा व्याज वितरण :**

सर्वप्रथम वित्तीय संस्थाका कम्पनी सचिव श्री देवकर कार्कीले यस वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभाव तथा अतिथिज्यूहरुलाई अभिवादन गर्नु हुँदै सभाहल भित्र प्रवेश गर्न अनुरोध गर्नु भयो । त्यस पछि सञ्चालक तथा अतिथिज्यूहरुलाई आसन ग्रहण गराउनु भयो । आसन ग्रहण पश्चात् सञ्चालकज्यू, प्रमुख कार्यकारी अधिकृत र कम्पनी सचिवलाई व्याज वितरण गर्ने कार्य सम्पन्न भयो ।

**८. राष्ट्रिय गान :**

औपचारिक कार्यक्रम शुरु हुनुभन्दा अगाडि राष्ट्रिय गानको धुन बजाउने कार्यक्रम अनुसार उपस्थित सम्पूर्ण महानुभावहरुले आ–आफ्नो स्थानमा उभिएर राष्ट्रिय गानको धुनमा साथ दिनु भएको थियो ।

**९. सभाको कारवाही र बैधानिकता :**

सभाको कामकारवाही अगाडि बढाउने सिलसिलामा कम्पनी सचिव श्री देवकर कार्कीले साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल सेयर संख्या पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेको व्यहोरा गरिमामय सभामा उपस्थित सम्पूर्ण सेयरधनी महानुभावहरुलाई जानकारी गराउनु हुदै सभा सञ्चालन गर्न अनुमतिका लागि संस्थाका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूलाई अनुरोध गर्नु भयो ।

**१०. सभा अध्यक्षज्यूको आसन ग्रहण :**

साधारण सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४ (१) र वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारण सभाको अध्यक्षता गर्ने प्रावधान अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले सभा अध्यक्षताको आसन ग्रहण गर्नु भयो ।

**११. सभाको उद्घाटन :**

सभाको समुद्घाटन गर्ने शुभकार्यका लागि सञ्चालक समितिका अध्यक्षज्यूले पानसमा वत्ति प्रज्वलन गरी सभाको समुद्घाटन गर्नु भएको थियो । उक्त अवसरमा श्री कृष्णप्रसाद अधिकारीले स्वस्तिकवाचन गर्नु भएको थियो ।

**१२. स्वागत मन्तब्य :**

वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री विनोद आचार्यले हाल लघुवित्त क्षेत्रले सामना गर्नु परेका चुनौति वारे औंल्याउदै वित्तीय संस्थाको वर्तमान अवस्था बारेमा प्रकाश पार्नु भएको थियो । सेयरधनी महानुभावहरु, नियमनकारी निकाय र सञ्चालक समितिको साथसहयोगमा संस्थाको उद्देश्य तथा वार्षिक लक्ष्य प्राप्ति गर्न र आईपर्ने चुनौतिको सामना गर्न व्यवस्थापन सदैव प्रयत्नशिल रहने प्रतिवद्धता जाहेर गर्नु भएको थियो । साथै, उपस्थित सेयरधनी महानुभावहरु तथा आमन्त्रित अतिथिहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत मन्तब्य राख्नु भयो ।

**१३. वार्षिक प्रतिवेदन प्रस्तुति :**

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । समितिको प्रतिवेदन प्रस्तुत गरिसकेपछि अध्यक्षज्यूले यस सम्वन्धमा आ-आफ्ना विचार, जिज्ञासा, सुझाव तथा प्रतिक्रिया भएमा जानकारी गराउन हुन अनुरोध गर्नु भयो ।

कम्पनी सचिव

CL3SL

१४. **छलफलमा सेयरधनीहरुबाट व्यक्त गर्नु भएको जिज्ञासा, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन् :**

**सेयरधनीको तर्फबाट**

**१. श्री उद्धव प्रसाद घिमिरे :**

श्री उद्धव प्रसाद घिमिरेले लघुवित्त संस्थाको सञ्चालनको उद्देश्य र इतिहासको चर्चा गर्दै हाल लघुवित्त क्षेत्रमा भैरहेको असहज अवस्थाको वारेमा सम्बन्धित निकायको ध्यानाकर्षण गराई सबैलाई गरिखाने वातावरण बनाउन आग्रह गर्नु भयो ।
संस्थाले कारोवार वृद्धिका लागि अन्य संस्था प्राप्ति/मर्जर नीति अगाडि बढाउन उपयुक्त हुने र यसो भएमात्र पूँजी वृद्धि भई थप कारोवार गर्न सक्ने र आम्दानीमा वृद्धि हुने देखिन्छ भन्दै संस्थाले साधारण सभा समयमा आयोजना गर्नु पर्ने सुझाव व्यक्त गर्नुभयो । लाभांश ११.५८ प्रतिशत वितरण गर्न सकेकोमा धन्यवाद दिदैं आगामी वर्षमा पनि तुलनात्मकरुपमा अन्य संस्थाहरु भन्दा कम नहुने गरी लाभांश वितरण गर्न समेत सुझाव दिनुभयो ।

**२. श्री नरसिंहलाल चखुं :**

श्री नरसिंहलाल चखुंले विगतमा भन्दा तुलनात्मकरुपमा संस्थाको सूचकाङ्कमा सुधार आएको भन्दै कर्मचारीको खर्च र सञ्चालन खर्चमा वृद्धि हुन गएकोले मितव्ययी हुन संस्थाको ध्यान जान जरुरी रहेको बताउनु भयो । संस्थाको निष्कृय कर्जा वृद्धि भएर गएको छ यसलाई नियन्त्रण गर्न संस्थाको थप ध्यान जान जरुरी छ भन्दै साधारण सभामा भएका क्रियाकलापहरुको तस्विरहरु वार्षिक प्रतिवेदनमा समावेश गर्नुपर्ने । साथै, संस्था र सेयरधनी बीचको सम्बन्ध संधै सुमधुर भैरहनुपर्ने सुझाव व्यक्त गर्दै वित्तीय संस्थाको उत्तरोत्तर प्रगतिको लागि शुभकामना दिनु भयो ।

१५. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ :**

छलफलको क्रममा सेयरधनी महानुभावहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा, राय तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले सराहना गर्दै आभार प्रकट गर्नुभयो । यस सिभिल लघुवित्त वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा सेयरधनी महानुभावहरु तथा विज्ञबाट प्रस्तुत गर्नुभएको महत्वपूर्ण सुझाव र जिज्ञासाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति सेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध हुने प्रतिबद्धता व्यक्त गर्नुभयो । सञ्चालक समितिका अध्यक्ष श्री सचिन जङ्ग रायमाझीज्यूले साधारण सभामा उठाईएका जिज्ञासाहरुको सन्दर्भमा निम्नानुसार प्रत्यूत्तर प्रस्तुत गर्नु भयो ।

- अघिल्ला वर्ष भन्दा ब्याज आम्दानी बढेको छ तर तिर्न बाँकी कर्जा सापटमा लागत बढ्न गई ब्याज खर्चमा वृद्धि हुन गएकोले आम्दानीमा सोचे अनुसार हुन सकेन । साथै, व्यवसाय नबढाई आम्दानी बढाउन नसकिने हुँदा यस तर्फ सञ्चालक समिति सजक रहेको छ ।
- लघुवित्त संस्थाले सामना गर्नुपरेको वाहिरी चुनौतिका सम्बन्धमा नियमनकारी निकायसँग पटक-पटक छलफल गरिएको छ तथापि ठोस परिणाम आईसकेको छैन । कुनै न कुनै रुपमा नियमनकारी निकायबाट सहजिकरण हुने अपेक्षा राखेका छौं ।
- सञ्चालन खर्च कटौति गर्न सजक छौ । निष्कृय कर्जा व्यवस्थापन गर्न व्यवस्थापनले धेरै कोसिस गरिरहनु भएको छ । अहिलेको वातावरणले गर्दा निष्कृय कर्जा व्यवस्थापनमा यस वर्ष र आगामी वर्ष निकै चुनौति हुने देखिरहेका छौं । यद्यपि हामीले भाखा नाघेको कर्जा असुलीमा बढी ध्यान दिई हाम्रो वासलात र नाफा नोक्सान हिसाबलाई राम्रो बनाउने तर्फ निश्चय नै हाम्रो कोसिस रहनेछ ।

कम्पनी सचिव

CL3SL

- संस्थाको वित्तीय अवस्थाले यस भन्दा बढी प्रतिफल दिन सक्ने सामर्थ्य हुँदाहुँदै पनि आगामी दिनमा संस्थाको कारोवारमा उत्पन्न हुन सक्ने जोखिम अझ बढेर जाने अवस्थालाई मध्यनजर गर्दै उक्त रकमलाई जगेडा कोषमा राखिएको हो ।
- हिमालयन बैंक लिमिटेडको ५१ प्रतिशत सेयर पूँजी रहेको सहायक कम्पनीको रुपमा सञ्चालित यस संस्थामा गाभ्ने/गाभिने वा प्राप्ति गर्ने प्रकृया अगाडि बढाउनु पर्ने अवस्था आएमा सञ्चालक समिति सधैं सजक रहेको छ । साथै, आवश्यकता भई उपयुक्त संस्था पाईएमा प्रकृया अगाडि बढाउने जानकारी गराउनु भयो ।
- आगामी केही वर्ष मौजुदा पूँजीबाट नै व्यवसाय विस्तार गर्न सकिने ठाउँ रहेको छ । पूँजी वृद्धि गर्ने सन्दर्भमा नियामक निकाय नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम आवश्यक कार्यहरु गर्नेछौं ।

अन्त्यमा, यस वित्तीय संस्थाको कारोबारमा अझ वृद्धि गरी सेयरधनीहरुलाई आकर्षक एवं उचित प्रतिफल दिन वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको र सेयरधनी महानुभावहरुको उपरोक्त सुझावहरुलाई आगामी दिनमा लागू गर्दै जाने प्रतिवद्धता सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले व्यक्त गर्नुभयो ।

१६. **सभाका निर्णयहरु :**

आजको सभामा सेयरधनी महानुभावहरुले दिनु भएका अमूल्य राय तथा सुझावलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु उपस्थित सेयरधनी महानुभावहरुबाट ताली बजाई सर्वसम्मतले पारित/स्वीकृत भयो ।

(क) **सामान्य प्रस्तावहरु :**

<u>निर्णय नं. १.</u>
सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं. २.</u>
लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तसम्मको वासलात, मिति २०७८/०४/०१ गते देखि २०७९ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण तथा अनुसूचिहरु सर्वसम्मतिले पारित गरियो ।

<u>निर्णय नं. ३.</u>
सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम चुक्ता पूँजी रु. २८,८१,२४,४४१/६० को ०.५८ प्रतिशतको दरले रु. १६,६८,०८८/८७ (अक्षरेपि सोह्र लाख अठसट्ठी हजार अठासी रुपैयाँ र सतासी पैसा मात्र) बराबर नगद लाभांश (बोनस सेयरमा लाग्ने कर प्रयोजनका लागि) वितरण गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

कम्पनी सचिव

**निर्णय नं. ४.**

वित्तीय संस्थाको सञ्चालक समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७९/८० को लागि श्री एन. बि. रोकाया एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस्लाई लेखापरीक्षक नियुक्त गर्ने र निजलाई बैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफर्म परीक्षण र प्रमाणिकरण पारिश्रमिक स्वरुप कर सहित रु. ३,००,०००/- (अक्षरेपी तीन लाख मात्र) प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ५.**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंकले तोके अनुसार योग्यता तथा अनुभव प्राप्त गर्नु भएका जिल्ला काठमाडौं महानगरपालिका काठमाडौं वडा नं. १४ स्थायी ठेगाना रहेका श्री रुद्र प्रसाद दाहाललाई ४ वर्षको लागि सञ्चालक समितिले स्वतन्त्र सञ्चालक पदमा नियुक्त गरेको जानकारी भयो ।

(ख) **विशेष प्रस्ताव** :

**निर्णय नं. १**

सञ्चालक समितिले प्रस्ताव गरे अनुरूप नेपाल राष्ट्र बैंकको स्वीकृति बमोजिम वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ सम्मको सञ्चित मुनाफाबाट सेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. २८,८१,२४,४४१/६० को ११ प्रतिशतका दरले हुन आउने रकम रु. ३,१६,९३,६८८/५८ (अक्षरेपि तीन करोड सोह्र लाख त्रियानब्बे हजार छ सय अठासी रुपैयाँ र अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस सेयर जारी गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. २**

संस्थाको हाल कायम रहेको पूँजी संरचनामा परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फ कम्तीमा ५१ प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फ ४९ प्रतिशत कायम गरी संस्थाको प्रवन्धपत्रको दफा ६(घ) र ६(ङ) संशोधन गर्ने र सञ्चालक समितिमा सेयर स्वामित्व अनुरूप प्रतिनिधित्व हुने गरी संस्थाको नियमावलीको नियम २७.२ मा ७ जनाको सञ्चालक समिति रहने व्यवस्था गर्ने । साथै, नियम २७.२(क) मा संस्थापक सेयरधनीबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण सेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक रहने व्यवस्था गर्ने विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ३**

वित्तीय संस्थाको प्रबन्धपत्रको शीर्षक, दफा-१, ५(द), ६(ख),(ग),(घ),(ङ) र १५ तथा नियमावलीको शीर्षक, नियम-१, ३(घ), २५.५, २७.२ र २७.२(क), २७.३, २९.२ र ३२.१(क), ३२.१(ग) र ५३ मा आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल भई **संलग्न** बमोजिमको व्यवस्था कायम गर्न सर्वसम्मतिले पारित गरियो । प्रस्तावित संशोधनमा नियमनकारी निकायहरुबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ४**

कम्पनी ऐन, २०६३ को दफा १०५ मा भएको व्यवस्था बमोजिम संस्थाले आफ्नो नियमित व्यावसायिक कारोबारको सिलसिलामा आफ्नो चुक्ता पूँजी र सञ्चित मुनाफा (फ्रि रिजर्भ) को जम्मा रकम भन्दा बढी हुने गरी कुनै पब्लिक कम्पनी वा बैंक वा वित्तीय संस्थाबाट ऋण लिन सक्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने विशेष प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

कम्पनी सचिव

## प्रबन्धपत्रमा भएको संशोधन

**शीर्षक :**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र ।

**दफा-१ कम्पनीको नाम :** यस कम्पनीको नाम "हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "Himalayan Laghubitta Bittiya Sanstha Limited" भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनि सम्बोधन गरिने छ ।

**दफा-५ लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :**

(द) नेपाल राष्ट्र बैंकको स्वीकृत लिई इलेक्ट्रोनिक बैंकिङ्ग र अन्य डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्ने ।

**दफा-६ लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :** लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(ख) वित्तीय संस्थाको जारी पूँजी रू. ३१,९८,१८,१३०/१८ (अक्षरेपि एकतीस करोड अन्ठानब्बे लाख अठ्ठार हजार एक सय तीस रुपैयाँ र अठ्ठार पैसा मात्र) हुनेछ ।

(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८ (अक्षरेपि एकतीस करोड अन्ठानब्बे लाख अठ्ठार हजार एक सय तीस रुपैयाँ र अठ्ठार पैसा मात्र) हुनेछ ।

(घ) लघुवित्त वित्तीय संस्थाले जारी पूँजीको ४९ प्रतिशत साधारण सेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याएको छ । यस समूहको कूल सेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म सेयर लघुवित्त वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।

(ङ) संस्थापक सेयरधनीलाई समूह "क" मा वर्गीकरण गरिएको छ र सो समूहको सेयर स्वामित्व ५१ प्रतिशत हुनेछ ।

**दफा-१५ संस्थापकले तत्काल लिन कबुल गरेको सेयर संख्या र उद्घोषण :** हामी हिमालयन लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुले यो लघुवित्त वित्तीय संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा लघुवित्त वित्तीय संस्था दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

कम्पनी सचिव

## नियमावलीमा भएको संशोधन

**शीर्षक :**

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावली

**नियम-१ : कम्पनीको नाम :** यस कम्पनीको नाम "हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Himalayan Laghubitta Bittiya Sanstha Limited भनिने छ। जसलाई यसपछि "वित्तीय संस्था" भनि सम्बोधन गरिने छ।

**नियम- ३ (घ) : परिभाषा :** "लघुवित्त वित्तीय संस्था" भन्नाले हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ।

**नियम-२५(५) :** सञ्चालक निर्वाचन गर्दा स्वतन्त्र सञ्चालकको हकमा समितिद्धारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्धारा गरिनेछ।

**नियम-२७ : सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

(२) यस लघुवित्त वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ, सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-

(क) संस्थापक समूहका सेयरधनीहरु समूह "क" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण सेयरधनीहरुबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन्।

(३) सञ्चालकको कार्यकाल बढीमा ४ वर्षको हुनेछ र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ। तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।

**नियम-२९ : स्वतन्त्र सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :** (२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ।

**नियम-३२ (१) : सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :** सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोकेअनुसार देहाय बमोजिम हुनेछ :-

(क) दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक तथा सुविधा सञ्चालक समितिले तोकेको वा करारमा उल्लेख गरिए बमोजिम पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्ताविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ।

(ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संस्थाको अध्यक्ष/सञ्चालकहरु भ्रमणमा जाँदा वास्तविक विलको आधारमा आवास खर्च र अन्य सम्बन्धित खर्चहरु सञ्चालक समितिको निर्णयानुसार हुनेछ। साथै, सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–

कम्पनी सचिव

(अ) स्वदेशमा दैनिक भत्ता रु. ५,०००/-

(आ) भारतमा दैनिक भत्ता भा. रु. २,५००/-

(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर १४०/-

**नियम-५३ : संस्थापकले तत्काल लिन कबुल गरेको सेयर संख्या र उद्घोषण :** हामी हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापकहरुले यो लघुवित्त वित्तीय संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा लघुवित्त वित्तीय संस्था दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

**१७. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन :**

वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नुहुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण सेयरधनी महानुभावहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने सभाहलका सञ्चालक तथा कर्मचारीहरु, सेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लिमिटेड, कर्मचारीहरु तथा सम्बद्ध सबै पक्षलाई सभाका अध्यक्षज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दिनुभयो ।

तत्पश्चात् यस सभाका अध्यक्षज्यूले दिनको १:३० बजे सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

देवकर कार्की
कम्पनी सचिव

कम्पनी सचिव

सचिन जङ्ग रायमाझी
अध्यक्ष

मितिः २०७९ फागुन २९ गते सोमबार ।

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको

## प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले विवरण

प्रबन्धपत्रमा संशोधनको प्रस्ताव :

| दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| शीर्षक | कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित **आईएलएफसिओ माइक्रो फाइनान्स** वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र । | कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको प्रबन्धपत्र । | हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेड प्राप्ति गरी हिमालयन बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृत प्राप्त भैसकेको छ । अबदेखि हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोवार सञ्चालन गर्न उपयुक्त हुने भएकोले नाम संशोधन गर्न आवश्यक रहेको । |
| दफा-१ | **कम्पनीको नाम :** यस कम्पनीको नाम "**सिभिल** लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा Civil Laghubitta Bittiya Sanstha Limited भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनि सम्बोधन गरिने छ । | **कम्पनीको नाम :** यस कम्पनीको नाम "**हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा "**Himalayan** Laghubitta Bittiya Sanstha Limited" भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनि सम्बोधन गरिने छ । | |
| दफा-५ | **लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :**<br><br>(द) हाल नभएको । | **लघुवित्त वित्तीय संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :**<br><br>**(द) नेपाल राष्ट्र बैंकको स्वीकृत लिई इलेक्ट्रोनिक बैंकिङ्ग र अन्य डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु गर्ने ।** | नेपाल राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रहि टेलिफोन, टेलेक्स, फ्याक्स, कम्प्युटर, मोबाइल बैंकिङ्ग, वा म्याग्नेटिक टेप वा अन्य प्रकारका विद्युतीय उपकरण वा साधनको माध्यमबाट निक्षेप लिने, भुक्तानी दिने, रकमान्तर गर्ने तथा अन्य डिजिटल बैंकिङ्ग सम्बन्धी कार्यहरु आवश्यकता अनुसार गर्न थप व्यवस्था राख्न उपयुक्त भएकोले । |
| दफा-६ | **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :**<br>लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. २८,८१,२४,४४१/६० (अक्षरेपि अट्ठाइस करोड एकासी लाख चौबीस हजार चार सय एकचालीस दशमलव छ शून्य मात्र) हुनेछ । | **लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना :**<br>लघुवित्त वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. ३१,९८,१८,१३०/१८ (अक्षरेपि एकतीस करोड अन्ठानब्बे लाख अठ्ठार हजार एक सय तीस रुपैयाँ र अठ्ठार पैसा मात्र) हुनेछ । | चुक्ता पूँजीको ११ प्रतिशतले हुने रू. ३,१६,९३,६८८/५८ (अक्षरेपि तीन करोड सोह्र लाख त्रियानब्बे हजार छ सय अठासी रुपैयाँ र अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस सेयर जारी गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकोले । |

कम्पनी सचिव

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको

## प्रबन्धपत्र संशोधन सम्बन्धी तीन महले विवरण

**प्रबन्धपत्रमा संशोधनको प्रस्ताव :**

| दफा | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| दफा-६ | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. २८,८१,२४,४४१/६०<br>(अट्ठाइस करोड एकासी लाख चौबीस हजार चार सय एकचालीस दशमलव छ शून्य मात्र) हुनेछ । | (ग) वित्तीय संस्थाको चुक्ता पूँजी रु. ३१,९८,१८,१३०/१८<br>(अक्षरेपि एकतीस करोड अन्ठानब्बे लाख अठ्ठार हजार एक सय तीस रुपैयाँ र अठ्ठार पैसा मात्र) हुनेछ । | चुक्ता पूँजीको ११ प्रतिशतले हुने रू. ३,१६,९३,६८८/५८ (अक्षरेपि तीन करोड सोह्र लाख त्रियानब्बे हजार छ सय अठासी रुपैयाँ र अन्ठाउन्न पैसा मात्र) बराबरको बोनस सेयर जारी गरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकोले । |
| | (घ) लघुवित्त वित्तीय संस्थाले **जारी पूँजीको ४० प्रतिशत** साधारण सेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याएको छ । यस समूहको कूल सेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म सेयर लघुवित्त वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।<br>(ङ) संस्थापक सेयरधनीलाई समूह "क" मा वर्गीकरण गरिएको छ र सो समूहको **सेयर स्वामित्व ६० प्रतिशत** हुनेछ । | (घ) लघुवित्त वित्तीय संस्थाले **जारी पूँजीको ४९ प्रतिशत** साधारण सेयर सर्वसाधारणलाई बिक्रीको लागि छुट्याएको छ । यस समूहको कूल सेयर मध्येबाट बढीमा ५ प्रतिशतसम्म सेयर लघुवित्त वित्तीय संस्थाका कर्मचारीलाई छुट्याई सञ्चालक समितिको निर्णय बमोजिम बिक्री वितरण गर्न सकिनेछ ।<br>(ङ) संस्थापक सेयरधनीलाई समूह "क" मा वर्गीकरण गरिएको छ र सो समूहको **सेयर स्वामित्व ५१ प्रतिशत** हुनेछ । | संस्थाले वित्तीय कारोबार सञ्चालन गरेको १० वर्ष पुरा भईसकेको र समग्र वित्तीय क्षेत्रमा नकारात्मक प्रभाव नपर्ने बुझिएको आधारमा सञ्चालक समितिले गरेको सिफारिसमा नेपाल राष्ट्र बैंकबाट मिति २०७९/१०/१२ गतेको पत्र मार्फत संस्थापक सेयरलाई सर्वसाधारण सेयर समूहमा परिणत गर्न स्वीकृत प्राप्त भएको हुँदा संस्थाको प्रबन्धपत्रमा संशोधन/अद्यावधिक गर्न आवश्यक रहेकोले । |
| दफा-१५ | **संस्थापकले तत्काल लिन कबुल गरेको सेयर संख्या र उद्घोषण** : हामी **आईएलएफसिओ माइक्रो फाइनान्स** वित्तीय संस्थाका संस्थापकहरुले यो लघुवित्त वित्तीय संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा लघुवित्त वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं । | **संस्थापकले तत्काल लिन कबुल गरेको सेयर संख्या र उद्घोषण :** हामी **हिमालयन** लघुवित्त वित्तीय संस्थाका संस्थापकहरुले यो लघुवित्त वित्तीय संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा लघुवित्त वित्तीय संस्था दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं । | हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेड प्राप्ति गरी हिमालयन बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृत प्राप्त भैसकेको छ । अबदेखि हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोवार सञ्चालन गर्न उपयुक्त हुने भएकोले नाम संशोधन गर्न आवश्यक रहेको । |

कम्पनी सचिव

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको
## नियमावली संशोधन सम्बन्धी तीन महले विवरण

**नियमावलीमा संशोधनको प्रस्ताव :**

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| शीर्षक | कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित **आईएलएफसिओ माइक्रो फाइनान्स** वित्तीय संस्था लिमिटेडको नियमावली | कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको नियमावली | हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेड प्राप्ति गरी हिमालयन बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृत प्राप्त भैसकेको छ । अबदेखि हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोवार सञ्चालन गर्न उपयुक्त हुने भएकोले नाम संशोधन गर्न आवश्यक रहेको । |
| नियम-१ | **कम्पनीको नाम :** यस कम्पनीको नाम "**सिभिल** लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा **Civil Laghubitta Bittiya Sanstha Limited** भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनि सम्बोधन गरिने छ । | **कम्पनीको नाम :** यस कम्पनीको नाम "**हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रेजीमा **Himalayan Laghubitta Bittiya Sanstha Limited** भनिने छ । जसलाई यसपछि "वित्तीय संस्था" भनि सम्बोधन गरिने छ । | |
| नियम-३(घ) | **परिभाषा :** "लघुवित्त वित्तीय संस्था" भन्नाले **आईएलएफसिओ माइक्रो फाइनान्स** वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ । | **परिभाषा :** "लघुवित्त वित्तीय संस्था" भन्नाले **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेड सम्झनु पर्छ । | |
| नियम-२५ | (५)सञ्चालक निर्वाचन गर्दा **व्यवसायिक विशेषज्ञ सञ्चालकको** हकमा समितिद्धारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्धारा गरिनेछ । | (५) सञ्चालक निर्वाचन गर्दा **स्वतन्त्र सञ्चालकको** हकमा समितिद्धारा र अन्य सञ्चालकहरुको हकमा समूहगत मनोनयन वा मतदान प्रक्रियाद्धारा गरिनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम अद्यावधिक गर्न आवश्यक भएकोले । |
| नियम-२७ | **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br>(२) यस लघु वित्तीय संस्थामा **६ जनाको** सञ्चालक समिति हुनेछ, सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-<br>क) संस्थापक समूहका सेयरधनीहरु समूह "क" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण सेयरधनीहरुबाट निर्वाचित **२ जना** र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् । | **सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**<br>(२) यस लघुवित्त वित्तीय संस्थामा **७ जनाको** सञ्चालक समिति हुनेछ, सो समितिमा समूहगत प्रतिनिधित्व देहाय बमोजिम हुनेछ :-<br>क) संस्थापक समूहका सेयरधनीहरु समूह "क" बाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित ३ जना, सर्वसाधारण सेयरधनीहरुबाट निर्वाचित **३ जना** र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् । | संस्थापक सेयरलाई सर्वसाधारण सेयर समूहमा परिणत गर्दा हाल कायम रहेको सञ्चालक समितिको संख्यामा पनि सेयर स्वामित्व अनुरूप प्रतिनिधित्व हुने गरी मिलाउन आवश्यक भएकोले । |

कम्पनी सचिव

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको
## नियमावली संशोधन सम्बन्धी तीन महले विवरण

नियमावलीमा संशोधनको प्रस्ताव :

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| नियम-२७ | (३) सञ्चालकको कार्यकाल ४ वर्षको हुनेछ । | (३) सञ्चालकको कार्यकाल बढीमा ४ वर्षको हुनेछ **र निज पुनः नियुक्ति तथा मनोनित हुन सक्नेछ । तर स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ ।** | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम अद्यावधिक गर्न आवश्यक भएकोले । |
| नियम-२९ | **स्वतन्त्र सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**<br>(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ, **र निजको पुनः नियुक्त हुन सक्नेछ ।** | **स्वतन्त्र सञ्चालकको नियुक्ति, संख्या, कार्यकाल, योग्यता, तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था :**<br>(२) निजको कार्यकाल नियमावलीमा उल्लेख भए बमोजिम बढीमा ४ वर्षको हुनेछ । | बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ मा भएको व्यवस्था बमोजिम अद्यावधिक गर्न आवश्यक भएकोले । |
| नियम-३२ (१) | **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**<br>सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोके अनुसार देहाय बमोजिम हुनेछ :-<br>(क)दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक **बापत तलव रु. ७०,०००/-** पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ । | **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था :**<br>सञ्चालकले पाउने मासिक पारिश्रमिक, बैंठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा साधारण सभाले तोकेअनुसार देहाय बमोजिम हुनेछ :-<br>(क)दैनिक कार्य सञ्चालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न सञ्चालकले मासिक पारिश्रमिक **तथा सुविधा सञ्चालक समितिले तोकेको वा करारमा उल्लेख गरिए बमोजिम** पाउनेछ र स्वदेश तथा विदेशको भ्रमण खर्च टिकट बमोजिमको वास्तविक खर्च भएको रकमको आधारमा भुक्तानी दिनेछ । | अद्यावधिक गर्न आवश्यक भएकोले । |

कम्पनी सचिव

CL3SL

CIVIL LAGHUBITTA BITTIYA SANSTHA LTD.

# सिभिल लघुवित्त वित्तीय संस्था लिमिटेडको

## नियमावली संशोधन सम्बन्धी तीन महले विवरण

नियमावलीमा संशोधनको प्रस्ताव :

| नियम | हालको व्यवस्था | अब हुने नयाँ व्यवस्था | संशोधन गर्नु परेको कारण |
|---|---|---|---|
| नियम-३२ (१) | (ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(अ) स्वदेशमा दैनिक भत्ता **रु. ४,०००/-**<br>(आ)भारतमा दैनिक भत्ता **भा. रु. १,०००/-**<br>(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर **९०/-** | (ग) लघुवित्त वित्तीय संस्थाको कामको सिलसिलामा संस्थाको अध्यक्ष/सञ्चालकहरु भ्रमणमा जाँदा वास्तविक विलको आधारमा आवास खर्च र अन्य सम्वन्धित खर्चहरु सञ्चालक समितिको निर्णयानुसार हुनेछ । साथै, सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :–<br>(अ) स्वदेशमा दैनिक भत्ता **रु. ५,०००/-**<br>(आ) भारतमा दैनिक भत्ता **भा. रु. २,५००/-**<br>(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर **१४०/-** | हालको बजार तथा समय अनुकूल गर्न आवश्यक भएकोले । |
| नियम-५३ | **<u>संस्थापकले तत्काल लिन कबुल गरेको सेयर संख्या र उद्घोषण</u> :** हामी **आईएलएफसिओ माइक्रो फाइनान्स** वित्तीय संस्था लिमिटेडको संस्थापकहरुले यो लघुवित्त वित्तीय संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयरर साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा लघुवित्त वित्तीय संस्था दर्ता पश्चात सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं । | **<u>संस्थापकले तत्काल लिन कबुल गरेको सेयर संख्या र उद्घोषण</u> :** हामी **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको संस्थापकहरुले यो लघुवित्त वित्तीय संस्था संस्थापना गरी प्रचलित कानुन बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको सेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुट्टा ठहरिन गएमा लघुवित्त वित्तीय संस्था दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएका कुरा साँचो हो, झुट्टा ठहरे कानुन बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं । | हिमालयन बैंक लिमिटेडले सिभिल बैंक लिमिटेड प्राप्ति गरी हिमालयन बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालन गर्न नेपाल राष्ट्र बैंकबाट अन्तिम स्वीकृत प्राप्त भैसकेको छ । अबदेखि हिमालयन बैंक लिमिटेडको सहायक कम्पनी **हिमालयन** लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट कारोवार सञ्चालन गर्न उपयुक्त हुने भएकोले नाम संशोधन गर्न आवश्यक रहेको । |

कम्पनी सचिव

CL3SL